वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा ।

गण्डकी प्रदेश, नेपाल

## कवाडी जन्य सामान निकासी सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको पुनः प्रकाशित सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८१।०४।२७ गते**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद–९ मा नगरपालिकाको वित्तिय अधिकार क्षेत्र अन्तर्गत ऐनको दफा ६१ बमोजिमको कवाडी जन्य सामान निकासी तथा बिक्री कर उठाउने कार्य आफै गर्न वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत गराउन सक्ने व्यवस्था भए बमोजिम आन्तरीक आय वृद्धि गर्ने उद्देश्यले (ठेक्का बन्दोबस्ती) गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको न्यूनतम अंक नघटने गरी निम्न लिखित शर्तहरुको अधिनमा रहि दरभाउपत्र खरिद गरी रितपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१) सिलबन्दी दरभाउपत्र यो सूचना दोस्रो पटक प्रकाशित भएको मिति देखी ७ दिन भित्र चालु आर्थिक वर्षका लागि नविकरण भएको ईजाजत पत्र। आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र, । कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी लिखित निवेदन साथ उल्लेखीत दस्तुर (पछि फिर्ता नहुने गरी) तिरि यस कार्यालयको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ ।

२) सिलबन्दी ८ औ दिनको मध्यान्ह १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । सिलबन्दी दाखिला गर्दा सिलवन्दी गरी कार्यालयको नाम, ठेगाना, ठेक्का नम्बरर कामको विवरण तथा सिलबन्दीवालाको नाम ठेगाना स्पष्ट रुपमा खाम बाहिर उल्लेख गर्नु पर्नेछ । सिलबन्दी खरिद तथा दाखिलागर्ने अन्तीम दिन सार्वजनीक विदा परेमा उक्त कार्य कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३) सिलबन्दी साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने जमानत रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा वालिङ स्थित ग ३ धरौटी खाता नं. ०८३०३००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ।

४) म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु दर्ता भएको अन्तीम दिनको २:३० बजे पछि कार्यालयका प्रतिनधि वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । म्याद नाघी आएको, कार्यालयबाट विक्री नभएको सिलबन्दी दरभाउपत्र फाराम भरी आएको सिलबन्दी दरभाउपत्रवालाको दस्तखत एंव छाप नभएको प्रचलित कानूनको रित नपुगेको र शर्त राखी पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन् । दरभाउपत्र वालाको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५) सिलबन्दी दरभाउपत्रमा कवोल गरेको मु.अ.कर बाहेकका रकम अंक र अक्षरमा स्पष्ट र रुपमा लेख्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउमा अनिवार्य दस्तखत र छापहुनु पर्नेछ।

६) वोलपत्र स्वीकृत भएपछि कवोल अंकको ५ प्रतिशत ले हुन आउने रकम नेपाल बैंक लिमिटेड शाखावालिङ स्थित यस कार्यालयको धरौटी खाता नं. ०८३०३००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको जमानत पत्र (Performance Bond) सम्झौता गर्नु अघि पेश गर्नु पर्नेछ ।

७) सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सूचना प्राप्त भएको मितिले बाटोको म्याद बाहेक ७ दिन भित्र आफूले कवोल गरेको रकम एकमुष्ठ राजश्व शाखामा नगदै वा यस कार्यालयको नाममा रहेको नेपाल बैंक लि. शाखा वालिङमा रहेको खाता नं. ०८३०३००००१००१००००००१ मा जम्मा गरेको सक्क्लै बैंक भौचर पेश गरी ठेक्का कबोलियत गर्न आउनु पर्नेछ ।

८) सम्झौताको समयमा ५० प्रतिशत रकम बुझाउनेको हकमा कवोल अंकको ५० प्रतिशत किस्ता रकम र कवोल अंकको नियमानुसार लाग्ने कर समेत चुक्ता गर्नु पर्नेछ । बांकी ५० प्रतिशतमध्ये २५ प्रतिशतले हनु आउने रकम दोस्रो किस्ता बापतको रकम २०८१ साल मंसिर मसान्त सम्म र बांकी तेस्रो किस्ता वापतको २५ प्रतिशत रकम ०८१ फाल्गुण मसान्त सम्म चुक्ता गरि सक्नुपर्नेछ तर सो को बैंक जमानत पेश गर्नुपर्नेछ । धरौटी वापतको जम्मा भएको रकमलाई अन्तिम किस्तामा मिलाउन पाईने छैन् । म्याद भित्र कवुलियत गर्न नआएमा नियमानुसार हुनेछ ।

९) विगत वर्षहरुमा ठेक्का लिई रकम बुझाउन बांकी रहेका व्यक्ति वा फर्महरुले बांकी रकम चुक्ता नगरेसम्म र पेस्की/वेरुजु बांकी हुनेले फर्छयौट नगरेसम्म सिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन।

१०) दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा आशिंक रुपले स्वीकृत गर्ने सम्पूर्ण अधिकार यसकार्यालयमा निहित रहनेछ।

११) यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम उल्लेख नभएका कुराहरुको हकमा प्रचलित नियमानुसार तथा सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ साथै संघीय सरकार, प्रदेश सरकार र यस नगरपालिकावाटसमय समयमा गरिएको निर्देशनहरुको सिलवन्दी दरभाउपत्र वालाले पालना गर्नु पर्नेछ । साथै ठेक्का अवधि सम्झौताको मिति देखि २०८२ साल असार मसान्त सम्म मात्र हुनेछ ।

१२) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्नसकिनेछ।

१३) दरभाउपत्र विवरण (ठेक्का)

| क्र.सं. | ठेक्का नं. | ठेक्का नाम (विवरण) | आ.ब. २०८१/०८२को लागि न्यूनतम अंक (भ्याट बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|
| १ | १ | नगरपालिका क्षेत्रभित्रका कवाडी जन्य सामान निकासी | १५,००,०००।०० | १०००।० |